आज मिति २०७९ साल बैशाख ६ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री हरि ब थापा का.वा., वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेल, वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री कृष्ण प्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन, ४ नं. अध्यक्ष सहयोगी
श्री मान बहादुर ठाडा, ले.अ.
श्री कुल बहादुर खड्का, अधिकृत छैटौं
श्री कृष्ण बहादुर शाही, का.स.
श्री महेन्द्र नेपाल ।
श्री विजय कुमार खत्री, इन्जिनियर

Scanned with CamScanner

**प्रस्ताव नं. १ : जिल्ला समन्वय समितिमा योजना पठाउने सम्बन्धमा ।**

निर्णय नं. १ : प्रस्तुत विषयमा जिल्ला समन्वय समिति सुर्खेतको च.नं. ४११, मिति २०७८।१२।१८ गतेको पत्रको सम्बन्धमा तपसिल बमोजिमका योजना पुन छनौंट गरी पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम | ठेगाना | रकम | समपुरक |
|---|---|---|---|---|
| १ | पाडुले डिप बोरिङ्ग खानेपानी निर्माण | वडा नं. १२ | ७ लाख | नगरपालिका |
| २ | सामुदायिक मा.वि. मोहटी | वडा नं. २ | ४ लाख | नगरपालिका |
| ३ | शिखर मावि भवन निर्माण | वडा नं. ११ | ४ लाख | नगरपालिका |
| ४ | देउती प्रा.वि. चौखे | वडा नं. ८ | ५ लाख | नगरपालिका |

**प्रस्ताव नं. २ : आशय पत्र पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. २ : प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१५, मिति २०७८।१२।२८ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा यस नगरपालिकाबाट सहभागि हुन इच्छुक रहेकोले प्रतिवद्धता पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : स्वच्छ पानी र सरसफाई सम्बन्धि कार्य गर्न एन्फोलाई अनुरोध गर्ने सम्बन्धमा ।**

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिका क्षेत्रभित्र दिगो विकासको लक्ष्य नं. ६ मा रहेको स्वच्छ पानी र सफाई सम्बन्धि कार्यका लागि वातावरण तथा जनस्वास्थ्य संस्था एन्फोलाई अनुरोध गर्ने निर्णय गरियो । साथै नगरपालिकाको प्रशासनिक भवनमा आवश्यक खानेपानी प्रविधी जडानका लागि समेत अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : प्रगति समिक्षा सम्बन्धमा ।**

निर्णय नं. ४ : यस भेरीगंगा नगरपालिकाको प्रगति समिक्षा तपसिलको मिति, समय र स्थानमा सम्पन्न गर्ने निर्णय गरियो ।

**तपसिल**

मिति : २०७९।१।८ गते

समय : विहान १० बजे

स्थान : नगरसभाहल

**प्रस्ताव नं. ५ : जेसिविको आय व्यय सम्बन्धमा ।**

निर्णय नं. ५ : यस भेरीगंगा नगरपालिकाको जेसिविको हालसम्म संचालन भएको खर्च विवरण ७ दिनभित्र नगरपालिकाको राजस्व शाखामा पेश गर्न तथा दाखिला गर्नका लागि जेसिवि चालक नर बहादुर धौलाकोटीलाई पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : दिगो विकासको स्थानीयकरण सम्बन्धमा ।**

निर्णय नं. ६ : यस भेरीगंगा नगरपालिकाबाट निर्माण गरिएको दिगो विकासको स्थानीयकरण सम्बन्धि रणनीति २०७८ को सम्बन्धमा आगामी आ.व. २०७९।०८० देखि बार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्दा थप प्रभावकारी रणनीति र लक्ष्यहरुलाई समेत आन्तरिकीकरण गर्ने निर्णय गरियो । साथै आगामी दिनमा आवधिक योजना र मध्यकालिन खर्च संरचना तयार गर्दा आधारको रुपमा लिने समेत निर्णय गरियो । साथै उक्त कार्यमा सहयोग गर्ने सिडिएसजीलाई धन्यवाद समेत दिने निर्णय गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं. ७ : निर्वाचन कार्यका लागि कार्यालय तारबार सम्बन्धमा ।**

निर्णय नं. ७ : यस भेरीगंगा नगरपालिकामा रहने निर्वाचन कार्यालय र मतगणनास्थल निर्माणका सम्बन्धमा कार्यालयमा हालसम्म तारबार नभएकोले असुरक्षा हुने भएकोले कार्यालयको तारबार कन्टीन्जेन्सी।बचत शिर्षकबाट खर्च हुने गरी छिटो विधिद्वारा अघि बढाउने निर्णय गरियो । साथै कार्यालयमा निर्वाचन प्रयोजनका लागि सिसि क्यामेरा जडान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : आ.ले.प गर्ने सम्बन्धमा ।**

निर्णय नं. ८ : यस भेरीगंगा नगरपालिकामा आन्तरिक लेखा परिक्षण गर्नका लागि सहायक पाँचौ धन बहादुर सुनार र सहायक चौथो श्री कलमसिंह विकलाई जिम्मेवारी तोक्ने निर्णयलाई अनुमोदन गरियो ।

Scanned with CamScanner